"समृद्ध खाँदबारी नगर"

# खाँदबारी नगरपालिका

## खाँदबारी, सङ्खुवासभा, कोशी प्रदेश, नेपाल

# नगर कार्यपालिकाको बैठक

बैठक सङ्ख्याः७१-०८२।०८३
बैठक मितिः२०८३।०२।०७ बिहान ८:०० बजे
स्थानः खाँदबारी नगरपालिकाको सभा हल

आजको नगर कार्यपालिकाको बैठकको कार्यसूचीका आधारमा देहाय अनुसार निर्णयहरू सर्वसम्मत रूपमा पारित गरेको छ ।

प्रस्तावहरुः

१.गत कार्यपालिका बैठकको समीक्षा सम्बन्धमा ।

२.आर्थिक वर्ष २०८२।०८३ को हालसम्मको शाखागत रूपमा प्रगति प्रतिवेदन प्रस्तुत सम्बन्धमा ।

३.भगिवन्त रङ्गशालाको जग्गा खरिदका लागि स्रोत सुनिश्चितता सम्बन्धमा ।

४.निवेदन पेस भए बमोजिम योजनाहरूको म्याद थप सम्बन्धमा ।

५.आर्थिक ऐन पुनरावलोकन समिति गठन सम्बन्धमा ।

६.ढुङ्गा, गिट्टी, बालुवा र स्लेटको (Initial Environment Examination-IEE)प्रारम्भिक वातावरणीय परीक्षण गर्ने सम्बन्धमा ।

७.मकै बालीमा फौजिकिराको महामारी नियन्त्रण गर्न विषादी औषधि खरिद सम्बन्धमा ।

८.कोशी राममार्ग अन्तर्गतको सडकको लगत कट्टाको कित्ताकाटमा संलग्न भूमि प्रशासन कार्यालय र नापी कार्यालयको क्रममा खटिएका कर्मचारीहरूलाई प्रोत्साहन सुविधा सम्बन्धमा ।

९.खानी उद्योग तथा क्रसर सम्बन्धी अनुगमन सम्बन्धमा ।

१०. Information Centre स्थापना तथा सञ्चालन गर्ने सम्बन्धमा ।

११. योजना सम्झौता तथा कार्यान्वयन सम्बन्धमा ।

१२. विद्यालय सुधार कार्यक्रम सम्बन्धमा ।

१३. कार्यालयको सङ्गठन संरचनालाई कोशी प्रदेश निजामती किताबखानामा दर्ता गर्ने सम्बन्धमा ।

१४. आर्थिक सहायता सम्बन्धमा ।

१५. रासायनिक मल ढुवानीको भाडा भाडाको भाडा पुनःनिर्धारण समिति गठन सम्बन्धमा ।

१६. नगर प्रमुखको भ्रमण स्वीकृत गर्ने सम्बन्धमा ।

"समृद्ध खाँदबारी नगर"

# खाँदबारी नगरपालिका

## खाँदबारी, सङ्खुवासभा, कोशी प्रदेश, नेपाल

## नगर कार्यपालिकाको बैठक

बैठक सङ्ख्याः७१-०८२।०८३
बैठक मितिः२०८३।०२।०७ बिहान ८:०० बजे
स्थानः खाँदबारी नगरपालिकाको सभा हल

१७. नगर प्रहरी भर्नाका लागि सूचना आह्वान गर्ने सम्बनधमा ।

१८. आर्थिक वर्ष २०८३।०८४ का लागि वडाको सिलिङ्ग निर्धारण गर्ने सम्बन्धमा ।

१९. बजेट संसोधन सम्बन्धमा।

निर्णयहरूः

१. खाँदबारी नगरपालिकाको गत कार्यपालिका बैठकका निर्णयहरूको कार्यान्वयन कार्यान्वयन अवस्था सन्तोष जनक रहेको साथै बाँकी निर्णयहरू कार्यान्वयन गर्दै लैजाने ।

२. खाँदबारी नगरपालिका अन्तर्गत आर्थिक वर्ष २०८२।०८३ को सबै शाखाहरूको हालसम्मको प्रगति विवरण शाखा प्रमुखहरूबाट प्रस्तुत गरियो र सबै शाखाहरूको प्रगति विवरण सन्तोषजनक रह्यो ।

३. खाँदबारी नगरपालिका वडा नं. ४, पाङ्मामा रहेको भगिवन्त रङ्गशालालाई आर्थिक वर्ष २०८३।०८४ का लागि रु. १५ लाख बजेट सुनिश्चिता गर्ने ।

४. खाँदबारी नगरपालिकाका उपभोक्ता समिति मार्फत कार्यान्वयन हुने योजनाहरू विविध कारणले तोकिएको समयमा कार्य सम्पन्न हुन नसकेको भनि निवेदन पेस भएको हुनाले सबै योजनाहरूको मिति २०८३।०३।१० सम्म म्याद थप गर्ने ।

५. खाँदबारी नगरपालिकाको आगामी आर्थिक वर्ष २०८३।०८४ का लागि आर्थिक ऐन पुनरावलोकन गर्नका लागि तपसिल अनुसारको आर्थिक ऐन पुनरावलोकन समिति गठन गर्ने ।

तपसिलः

| क्र.सं. | पदाधिकारीको नाम थर | पद | |
|---|---|---|---|
| १ | रुद्रमणि श्रेष्ठ | ब. लेखा अधिकृत | संयोजक |
| २ | गुणराज खत्री | आ.ले.प.अधिकृत | सदस्य |
| ३ | कमलमणि थापा | प्रशासकीय अधिकृत | सदस्य |
| ४ | दिनेश कट्टेल | प्रशासकीय अधिकृत | सदस्य |
| ५ | राजकुमार राई | अधिकृत छैटौं | सदस्य |
| ६ | विमल बानिया | अधिकृत छैटौं | सदस्य-सचिव |

खाँदबारी नगरपालिका, नगरकार्यपालिकाको निर्णय वा आदेश र अधिकारको प्रमाणीकरण (कार्यविधि) नियमावली २०७४, नियम ५ बमोजिम कार्यपालिका बैठकको निर्णय प्रमाणित

पदमप्रसाद बजगाईं
प्रमुख प्रशासकीय अधिकृत

"समृद्ध खाँदबारी नगर"

# खाँदबारी नगरपालिका

खाँदबारी, सङ्खुवासभा, कोशी प्रदेश, नेपाल

## नगर कार्यपालिकाको बैठक

बैठक सङ्ख्याः७१-०८२।०८३
बैठक मितिः२०८३।०२।०७ बिहान ८:०० बजे
स्थानः खाँदबारी नगरपालिकाको सभा हल

(उक्त समितिमा आवश्यकता अनुसार विज्ञ सदस्यलाई आमन्त्रित सदस्यको रूपमा राखिनेछ।)

६. खाँदबारी नगरपालिका अन्तर्गत रहेका खोला तथा नदीहरूबाट नदीजन्य पदार्थ ढुङ्गा, गिट्टी, बालुवा तथा स्लेटहरूको आर्थिक वर्ष २०८३।०८४-२०८४।०८५ का लागि उत्खनन् तथा बिक्री शुल्क उठाउने ठेक्का आह्वान गर्ने प्रयोजनका लागि पूर्वाधार विकास शाखाबाट पेस भएको कार्यक्षेत्रगत शर्त (Term Of Reference- TOR) र लागत अनुमान (Estimate) स्वीकृत गरी प्रारम्भिक वातावरणीय परीक्षण (Initial Environment Examination-IEE) को प्रक्रिया अगाडि बढाउने ।

७. यस नगरपालिका क्षेत्रमा मकै बालीमा फौजिकिराको माहामारी देखिएको हुनाले उक्त महामारी रोक्नका लागि विषादी खरिद गर्ने ।

८. कोशी राजमार्ग अन्तर्गत सडकमा लगत कट्टा गरिने र उक्त कार्यका लागि मालपोत कार्यालय, खाँदबारी र नापी कार्यालय खाँदबारीको समन्वय गर्नुपर्ने भएकाले लगत कट्टामा थप समय खटिने कर्मचारीलाई प्रति कित्ता रु. १०० का दरले प्रोत्साहन सुविधा प्रदान गर्ने ।

९. खाँदबारी नगरपालिका क्षेत्रमा रहेका आयोजनाको क्रसरहरू के कसरी सञ्चालनमा रहेका छन् तिनीहरूको नियमित अनुगमन गरी कोशी प्रदेशको आर्थिक ऐन अनुसार राजस्व असुल भएको छ वा छैन यकिन गर्ने र पूर्वाधार विकास शाखाबाट प्राप्त प्रतिवेदनका आधारमा सञ्चालन अनुमति प्रदान गर्ने ।

१०. कोशी प्रदेश शसर्त अनुदान पुँजीगत शीर्षक तुम्लिङ्गटारमा पर्यटकीय सूचना केन्द्रको संस्थागत सदृढिकरण कार्यक्रमको सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४ को अधिनमा रहि तपसिल अनुसार बजेट ब्रेकडाउन गर्ने ।

तपसिलः

| क्र.सं. | कार्यक्रमको नाम | बजेट रु. | कैफियत |
|---|---|---|---|
| १ | Smart TV खरिद | ५,००,००० | |
| २ | फलामको होडिङ्ग बोर्ड | ४,००,००० | |
| ३ | ब्रोसर छपाई तथा तयारी | ६,००,००० | |
| | जम्मा | १५,००,००० | |

खाँदबारी नगरपालिका, नगरकार्यपालिकाको निर्णय वा आदेश र अधिकारको प्रमाणीकरण (कार्यविधि) नियमावली २०७४, नियम ५ बमोजिम कार्यपालिका बैठकको निर्णय प्रमाणित

पदमप्रसाद बजगाईं
प्रमुख प्रशासकीय अधिकृत

"समृद्ध खाँदबारी नगर"

# खाँदबारी नगरपालिका

## खाँदबारी, सङ्खुवासभा, कोशी प्रदेश, नेपाल

## नगर कार्यपालिकाको बैठक

बैठक सङ्ख्याः७१-०८२।०८३
बैठक मितिः२०८३।०२।०७ बिहान ८:०० बजे
स्थानः खाँदबारी नगरपालिकाको सभा हल

११.यस नगरपालिकाका आ.व. २०८२।०८३ का उपभोक्ता समिति मार्फत कार्यान्वयन हुने पूर्वाधार अन्तर्गतका योजनाहरू मिति २०८३।०२।२० गतेसम्म सम्झौता गरि आ.व. २०८२।०८३ भित्र फरफारखेको व्यवस्था मिलाउने।

१२.विद्यालय सुधार कार्यक्रम अन्तर्गत सम्झौता भईसकेका विभिन्न विद्यालयमा सञ्चालित योजनाहरू आ.व. २०८२।०८३ मा भएको कामलाई नै मुल्याङ्कन गरी भुक्तानी दिने र आ.व. २०८३।०८४ मा कुनै दायित्व सिर्जना नगर्ने।

१३.खाँदबारी नगरपालिकाको १९ औ नगरसभाबाट स्वीकृत कार्यालयको सङ्गठन संरचनालाई कोशी प्रदेश सरकार, मुख्यमन्त्रि तथा मन्त्रीपरिषद्को कार्यालय अन्तर्गत प्रदेश निज़ामती किताबखानामा दर्ता प्रक्रिया अगाडि बढाउने।

१४.नगर प्रमुखको तोक आदेशबाट हालसम्म भएका आर्थिक सहायताहरूलाई अनुमोदन गर्ने ।

१५.यस नगरपालिकाबाट निर्धारण भएको रासायनिक मलको ढुवानी दरको विषयमा जनगुनासो आएको हुनाले उक्त भाडादरलाई पुनरावलोकन गर्न तपसिल अनुसारको रासायानिक मल ढुवानी भाडा पुनःनिर्धारण समिति गठन गर्ने।

तपसिलः

| क्र.सं. | पदाधिकारीको नाम थर | पद | |
|---|---|---|---|
| १ | जानुकला राई | कृषि अधिकृत छैटौं | संयोजक |
| २ | रुद्र बहादुर घिमिरे | सब इन्जिनियर | सदस्य |
| ३ | कर्ण बहादर बडुवाल | प्रा.स. कृषि | सदस्य-सचिव |

१६.मिति २०८३।०२।२६ देखि मिति २०८३।०३।१० सम्म नगर प्रमुखको भ्रमण स्वीकृत गर्ने र उक्त भ्रमण बापतको कुनै पनि आर्थिक व्यय भार नगरपालिकालाई नपार्ने ।

१७.खाँदबारी नगरपालिकाको नगर प्रहरीको स्वीकृत दरबन्दी अनुसार एक जना नगर प्रहरी अ.स.ई. र दुई जना नगर प्रहरी जवान भर्नाका लागि सूचना आह्वान गर्ने।

"समृद्ध खाँदबारी नगर"

# खाँदबारी नगरपालिका

खाँदबारी, सङ्खुवासभा, कोशी प्रदेश, नेपाल

## नगर कार्यपालिकाको बैठक

बैठक सङ्ख्याः७१-०८२।०८३
बैठक मितिः२०८३।०२।०७ बिहान ८:०० बजे
स्थानः खाँदबारी नगरपालिकाको सभा हल

१८. खाँदबारी नगरपालिकाको आर्थिक वर्ष २०८३।०८४ को वडाहरूको बजेट सिलिङ्ग सम्बन्धमा प्रति वडा रु.१० लाख प्रशासनिक खर्च सहित रु. ६० लाख तोक्ने र प्रत्येक वडालाई १० लाख र ५ लाखका एक एक योजनाहरू वडा समितिको सिफारिसका आधारमा समावेश गर्ने साथै स्थानीय तहको योजना तर्जुमा मापदण्डको अधिनमा रहि योजना छनौट गर्ने।

१९. हिउदे सभाबाट शंशोधन गर्न छुट भएको तर कार्यालयले नियमानुसार काम गराई रहेको भुक्तानीको लागि समेत कागजातहरु पेस भएको हुनाले आगामी आर्थिक वर्षमा समेत दायित्व सृजना नहुने गरी तपसिलमा उल्लेखित योजनाहरु शंसोधन गर्ने निर्णय गरियो ।

| घटाउने | | | | | बढाउने | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| सि.न. | कार्यक्रम/आयोजना/कृयाकलापको नाम | खर्च शिर्षक | श्रोत | रकम | सि.न. | कार्यक्रम/आयोजना/कृयाकलापको नाम | खर्च शिर्षक | श्रोत | रकम |
| १ | गत आवको भुक्तानि वाकी सातकुवा दुबे चौर लहरे वर सडक स्तरउन्नती | 31151 | नेपाल सरकार वितिय समानीकरण | 600000 | 1 | कार्यालय परिसर भित्र वाल र ढलान कार्य | 31151 | नेपाल सरकार वितिय समानीकरण | 600000 |
| 2 | खाँदवारी युथ क्लब सामुदायिक भवन निर्माण खानपा १ | 31151 | नेपाल सरकार वितिय समानीकरण | 1000000 | 2 | सोमनाथ मेमोरियल कबर्डहल म्याट खरिद | 31159 | नेपाल सरकार वितिय समानीकरण | 1000000 |

खाँदबारी नगरपालिका, नगरकार्यपालिकाको निर्णय वा आदेश र अधिकारको प्रमाणीकरण (कार्यविधि) नियमावली २०७४, नियम ४ बमोजिम कार्यपालिका बैठकको निर्णय प्रमाणित

पद्मप्रसाद बजगाईं
प्रमुख प्रशासकीय अधिकृत

"समृद्ध खाँदबारी नगर"

# खाँदबारी नगरपालिका

## खाँदबारी, सङ्खुवासभा, कोशी प्रदेश, नेपाल

## नगर कार्यपालिकाको बैठक

बैठक सङ्ख्याः७१-०८२।०८३
बैठक मितिः२०८३।०२।०७ बिहान ८:०० बजे
स्थानः खाँदबारी नगरपालिकाको सभा हल

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| 3 | राष्टिय तथा अन्तराष्टिय स्तरमा सम्बन्ध विस्तार | 22522 | संघीय राजस्व बाँडफाँट | 500000 | 3 | दुई भवन विचको पूल निर्माण तथा शौचालय निर्माण तथा अन्य निर्माण कार्य | 31159 | संघीय राजस्व बाँडफाँट | 400000 |
| 4 | भुमि आयोग व्यवस्थापन सम्बन्धी कार्य | 22522 | स्थानीय राजस्व बाँडफाँट | 200000 | 4 | नेपाल मानब धर्म आश्रम भवन निर्माण खानपा ३ नपुग रकम | 31112 | संघीय राजस्व बाँडफाँट | 100000 |
| | | | | | 5 | नेपाल मानब धर्म आश्रम भवन निर्माण खानपा ३ नपुग रकम | 31112 | स्थानिय राजस्व बाँडफाँट | 200000 |
| | जम्मा | | | 2300000 | | जम्माः | | | 2300000 |

आवश्यकता अनुसार बैठक बस्ने गरी आजको बैठक यहिँ अन्त्य गरियो।

खाँदबारी नगरपालिका, नगरकार्यपालिकाको निर्णय वा आदेश र अधिकारको प्रमाणीकरण (कार्यविधि) नियमावली ... प्रमाणित

पदमप्रसाद वजगाई
प्रमुख प्रशासकीय अधिकृत